# स्थानीय तहको वडास्तरीय सामाजिक परीक्षण प्रतिवेदन

## २०८१, मंसीर

## राप्ती गाउँपालिका वडा नं. ४
## दाङ






### प्रतिवेदक
**नामसालिङ सामुदायिक विकास केन्द्र**
**इलाम**

## १. पृष्ठभूमिः

स्थानीय तहको सामाजिक परीक्षण सम्पन्न गर्न तत्कालका लागि कार्यविधि कानूनहरुको कमी रहेको अवस्थामा स्थानीय सरकार संञ्चालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ को (५)मा उल्लेख भएको प्रावधान एवंम् विगतमा प्रचलनमा रहेको स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ मा समावेश भएका विधि, प्रक्रिया र औजारहरु र विगतका अभ्यासहरुको समेत आधारमा यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ । दाङ्ग जिल्ला राप्ती गाँउपालिका अन्तर्गत छनोट भएका दुई वटा वडाहरु मध्ये वडा नं. ४ को सामाजिक परीक्षणका क्रममा प्राप्त तथ्यहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ। सहभागितात्मक योजना छनोट प्रक्रिया अवलम्बन गरी गाउँपालिकाले औपचारिक रुपमा पारित गरेको नीति, बार्षिक बजेट तथा कार्यक्रम अनुसार यस वडामा कार्यान्वयन भएका विकास गतिविधिहरु, सामाजिक सुरक्षा, नियमित नागरिक सेवा, जनसम्बन्ध, समन्वय, साझेदारी, नागरिक गुनासो तथा सूचना व्यवस्थापन, सेवाप्रदायकहरुको सामाजिक आचरण तथा आचार संहिताहरुको परिपालना जस्ता विविध विषयक्षेत्रहरुमा रही यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ । सेवाहरु प्रदान गर्दा आफ्ना नागरिक र आम सेवाग्राहीहरु प्रति स्थानीय वडाले निर्वाह गरेको सामाजिक उत्तरदायित्व र नैतिक जिम्मेवारीहरु यस सामाजिक परीक्षणको केन्द्रविन्दुमा रहेका छन । यो सामाजिक परीक्षण राप्ती गाउँपालिका, स्थानीय वडाका जनप्रतिनिधिहरु, टोलविकास संस्थाको पदाधिकारीहरु, निर्माण उपभोक्ता समिति पदाधिकारीहरु, वडा कार्यालयका कर्मचारी, स्थानीय सेवाग्राही र सरोकारवालाहरुसँगको साझेदारी र समन्वयमा सम्पन्न गरिएको छ।

## २. सामाजिक परीक्षणको उद्देश्यः

स्थानीय वडाले गत आर्थिक बर्ष २०८०/०८१ मा सम्पादन गरेका विकास कृयाकलापहरु एंवम् सुविधाहरुको सामाजिक उपलब्धी सम्बन्धी लेखाजोखा गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । प्राप्त तथ्यांक तथा सूचनाहरुको संक्षिप्त विश्लेषणका माध्यमबाट यस प्रतिवेदनले पृष्ठपोषण प्रदान गर्ने हुँदा सुझावहरुको अभिलेखीकरण समेत यसको अतिरिक्त उद्देश्य हो ।




## ३. सामाजिक परीक्षण गरिएको स्थानीय तहः

३.१. राप्ती गाउँपालिका वडा नं. ४, मौरीघाट

## ४. प्रतिवेदन प्राप्त गर्ने सरोकारवालाः

- राप्ती गाउँपालिका वडा नं. ४ को कार्यालय, दाङ्ग ।
- राप्ती गाउँपालिकाको कार्यालय, मसुरिया, देउखुरी दाङ्ग ।

## ५. सामाजिक परीक्षण गर्ने संस्थाः

नामसालिङ्ग सामुदायिक विकास केन्द्र (NCDC), इलाम ।
सम्पर्क ठेगानाः राप्ती गाउँपालिका वडा न. ४ मौरीघाट
सम्पर्कः ०८२–४१३०७९
ncdcilam@ntc.net.np

## ६. तथ्यांक/सूचना संकलन विधि तथा प्रक्रियाः


स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को आधारमा परिवर्तित सन्दर्भ सहित निम्नानुसारका विधि तथा प्रक्रियाहरु अवलम्बन गरी यो सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको छ ।

६.१. अभिलेख अध्ययन तथा समीक्षा
६.२. उपभोक्ता समिति तथा सरोकारवाला अन्तरवार्ता
६.३. अवलोकन
६.४. लक्षित समूह/समुदाय छलफल
६.५. नागरिक अभिमत संकलन
६.६. नमुना सर्भेक्षण

यस राप्ती वडा न. ४ को सामाजिक परीक्षण गर्ने क्रममा राप्ती गाउँपालिका कार्यालयको मिति २०८१/०४/३१ च.न.२३१ को कार्यादेश अनुसार वडा तहको प्रारम्भिक सरोकारवाला छलफल मिति २०८१ भाद्र २४ गते वडा कार्यालयमा आयोजना गरिएको थियो । उक्त वैठक अनुसार फिल्ड अनुगमन गरी अन्तिम प्रतिवेदन मिति २०८१ पौष ७ गते वडा कार्यालयमा छलफल मार्फत पेश गरिएको छ ।

## ७. सामाजिक परीक्षणको क्षेत्रः

७.१. सामाजिक सुरक्षा ।
७.२. नियमित नागरिक सेवा ।
७.३. स्थानीय पूर्वाधार विकास निर्माण ।
७.४.जनसम्बन्ध, समन्वय र साझेदारी ।
७.५. नागरिक गुनासो तथा सूचना व्यवस्थापन ।
७.६. जनप्रतिनिधि तथा कर्मचारी आचरण, आचार-संहिताको परिपालना र उत्प्रेरणा ।



राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भलुवाङ, देउखुरी, दाङ
लुम्बिनी प्रदेश नेपाल

पत्र सं: २०८१/८२ चलानी नं. २३१

मिति २०८१।०४।३१

श्री नाम्सालिङ सामुदायिक विकास केन्द
माईजोगामाई -३, नाम्सालिङ ईलाम ।

विषय – अनुमति सम्बन्धमा ।

पस्तुत विषयमा त्यस संस्थाबाट यस गाउँपालिकाभित्रका कुनै २ वडा वडाहरुको आ.व. २०८०।८१ मा सञ्चालन गरिएका कार्यक्रमहरुको सामाजिक परिक्षण तथा उपलब्धी लेखाजोखा गरी वडास्तरिय सामाजिक परिक्षण प्रतिवेदन तयार गर्ने कार्यका लागि अनुरोध भई आएकोमा यस कार्यालयको मिति २०८१।०४।३१ गतेको निर्णयानुसार राप्ती गाउँपालिका वडा नं. ४ र ५ को सामाजिक परिक्षण कार्य सञ्चालन गर्ने गरी अनुमति प्रदान गरिएको व्यहोरा अनुरोध छ ।

विश्वास वि.क.
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ –

- श्री ४ नं. वडा कार्यालय, मौरिघाट
- श्री ५ नं. वडा कार्यालय, कालापानी

Email : raptiruralmunicipality@gmail.com Website : http://raptimundang.gov.np Hello – 082 413077

## ८. सूचनादाताहरुको बर्गीकृत विवरणः

| समुदाय | जम्मा | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|
| आदिबासी जनजाती | ५१ | १९ | ३२ | |
| दलित | ३ | १ | २ | |
| मुश्लिम | | | | |
| ब्राम्हण/क्षेत्री | २३ | ८ | १५ | |
| मारवाडी/मधेशी | ० | ० | ० | |
| अन्य | ७ | ३ | ४ | |
| जम्माः | ८४ | ३१ | ५३ | |
| प्रतिशतः | १००% | ३६.९% | ६३.१% | |

## ९. सामाजिक परीक्षण टोलीः

९.१. विनोद निरौला (योजनाविद्, नासाविके सम्पर्कः ९८५२६२०४१२)
९.२. शंशाङ्गबाबु आचार्य (कृषि अधिकृत नासाविके) ९८५७८५९६१६
९.३ धर्मबहादुर यादव ( फिल्ड संयोजक) ९८४४९२०१५५
९.४ धनकुमारी चौधरी ( सामाजिक परिचालक) ९८४७८६६६१९

## १०. विविधः

सामाजिक परीक्षण सम्बन्धी तथ्यांक तथा सूचनाहरु र तिनको विश्लेषण पछाडि खण्ड-ख मा समावेश गरिएकोछ ।

## ११. वडा सदस्यहरुको नामावली

| सि.न. | नामथर | पद |
|---|---|---|
| १ | बिरबहादुर चौधरी | अध्यक्ष |
| २ | बिष्णु प्रोखेल | सदस्य |
| ३ | रोशन चौधरी | सदस्य |
| ४ | समिता चौधरी | सदस्य |
| ६ | बालिका सुनार | सदस्य |

## १२. टोलविकास समितिको नामावली

| टोलविकास समितिको नाम | अध्यक्ष | फोन न. |
|---|---|---|
| बुढीचौर टोलविकास संस्था | तेजु गिरी | ९८२८८७९३१५ |
| मजनीगढ टोलविकास संस्था | पूर्ण गिरी | ९८१०८३२९४१ |
| सिमलखुट्टी टोलविकास संस्था | शरद गिरी | ९८०९७५४८४४ |
| सुन्दरपुर टोलविकास संस्था | जनका गोराथोकी | ९८६६८२०१०५ |
| नयाँगाउँ टोलविकास संस्था | बाबुराम मल्ल | ९८४४९४१५४८ |
| पिपरखुट्टी टोलविकास संस्था | भुवन केसी | ९८४४८०२२०४ |
| गौमुखी दक्षिण खिनौटा टोलविकास संस्था | खेदुलाल विष्ट | ९८६६२२४४२३ |
| उत्तर खिनौटा टोलविकास संस्था | ओमु गिरी | ९८५७८३७८०० |
| जनकपुर टोलविकास संस्था | लौबहादुर चौधरी | ९८४७८७१०६७ |
| मौरीघाट टोलविकास संस्था | उमेशकुमार चौधरी | ९८०९५७३५४७ |
| चतरुवा गोपीनाला संगमटोल विकास संस्था | नेत्र भण्डारी | ९८६८६६८५७८ |
| दक्षिण पश्चिम खिनौटा टोलविकास संस्था | कान्तुप्रसाद चौधरी | ९८४८९५५०६६ |
| सिरिनभ्याली टोलविकास संस्था | द्रोणबहादुर जिसी | ९८५७८३१९६१ |



# खण्ड-ख

# राप्ती गाउँपालिका (दाङ्ग) वडा नं. ४ को सामाजिक परीक्षण प्रतिवेदन

## १. वडाको आधारभूत तथ्यांकः

- वडा कार्यालयको क्षेत्रफलः १५.८ वर्गकिलोमिटर
- वडा कार्यालयले प्रत्यक्ष सेवा दिनुपर्ने घरधुरी संख्याः १२१५ घरधुरी (स्रोत गा.पा.वस्तुगत पार्श्वचित्र-२०७५)।
- सेवाग्राही जनसंख्याः जम्माः ५९६२ जना
- सेवाक्षेत्रका वस्तीहरुः मौरीघाट, खिनैटा, जनकपुर, सुन्दरपुर, नयाँगाउँ, मजनीगढ, पिपरखुटट्ी, बुढीचौर, सिमलचौर, नयाँबस्ती ।
- आ.व. २०८०/०८१ मा सामाजिक सुरक्षा सेवा पाउने सेवाग्राही संख्याः

| विवरण | संख्या |
|---|---|
| जेष्ठ नागरिक | ३७१ |
| जेष्ठ नागरिक (दलित) | ८ |
| जेष्ठ एकल महिला | ४१ |
| विद्यवा | ११६ |
| पूर्ण अपाङ्ग | १३ |
| अति असक्त अपाङ्ग | २४ |
| दलित बालबालिका | २० |
| **जम्मा** | **५९३** |

*स्रोतः वडा कार्यालयको अभिलेख आ.व २०८०/०८१*

## २. योजना कार्यान्वयनको अवस्था (सन्दर्भ आ.व. २०८०/०८१)

| क्र.सं. | योजनाको प्रकृति | योजनाको संख्या | | | कार्यान्वयन प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जम्मा योजना | कार्यान्वयन भएका | कार्यान्वयनमा नभएका | | |
| २.१. | सिंचाई, कृषि र पशुपालन सम्बन्धी | ४ | ३ | ० | ९०% | पालिका स्तरीय समेत |
| २.२. | धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी | ३ | ३ | ० | १००% | पालिका/ प्रदेश स्तरीय समेत |
| २.३. | शिक्षा तथा शैक्षिक पूर्वाधार सम्बन्धी | ३ | ३ | ० | १००% | पालिका स्तरीय समेत |
| २.४. | सामुदायिक स्वास्थ्य, सरसफाई र स्वास्थ्य पूर्वाधार सम्बन्धी | २ | २ | ० | १००% | गैसस समेत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.५. | खानेपानी तथा जलाशय, स्रोत संरक्षण सम्बन्धी | २ | २ | ० | ७५% | गैसस समेत |
| २.६. | सडक, पूल र यातायात पूर्वाधार सम्बन्धी | ९ | ८ | १ | ९०% | पालिका समेत |
| २.७. | युवा सीप विकास र स्वरोजगारी प्रबर्द्धन सम्बन्धी | २ | २ | ० | १००% | |
| २.८. | लक्षितवर्ग तथा समावेशी विकास सम्बन्धी | २ | २ | ० | १००% | |
| २.९. | वातावरणीय तथा पर्यावरणीय विकास सम्बन्धी | १ | १ | ० | १००% | गैसस समेत |
| २.१०. | बिद्यूत तथा बैकल्पिक ऊर्जा | १ | १ | ० | १००% | |
| २.११ | मठ मन्दिर तथा धार्मिक संस्था सम्बन्धी | २ | २ | ० | १०० % | |
| २.१२ | आय आर्जन तथा होमस्टे | ० | ० | ० | १०० % | |
| २.१३ | तारबेरा तथा संरचना सुरक्षा सम्बन्धी | ४ | ४ | ० | १०० % | |
| २.१४. | सुकुम्बारी तथा सुरक्षित आवास सम्बन्धी | २ | २ | ० | १००% | |
| २.१५ | विविध (अन्तरसम्बन्धित): अध्ययन अनुसन्धान, क्षमता विकास, प्रयोग, परीक्षण, सार्वजनिक निर्माण, योजना निर्माण सम्बन्धी | ४ | ४ | ० | १००% | गैसस समेत |
| जम्मा योजना: | | ४१ | ३९ | २ | १००% | |
| प्रतिशत: | | | ९७% | ३% | | |

## ३. वडाको सेवा प्रवाह र विकास कार्यसम्पादन प्रतिको जनअभिमत:

| क.सं. | सेवाको क्षेत्र | जम्मा अभिमतकर्ता | अभिमतकर्ताको प्रतिक्रिया | | | | कफियत |
|---|---|---|---|---|---|---|---|
| | | | उत्कृष्ठ | सामान्य | कमजोर | धेरै कमजोर | |
| ३.१. | सामाजिक सुरक्षा | १८ | १४ | ३ | १ | ० | |
| ३.२. | नियमित नागरिक सेवा | २५ | २० | ४ | १ | ० | |
| ३.३. | स्थानीय विकास निर्माण | ४५ | ३८ | ४ | २ | १ | |
| ३.४. | जन-सम्बन्ध, समन्वय र साझेदारी | २८ | १८ | १० | ० | ० | |
| ३.५. | नागरिक गुनासो तथा सूचना व्यवस्थापन | २५ | १९ | ४ | २ | ० | |
| ३.६. | जनप्रतिनिधि तथा कर्मचारी आचारण, आचार-संहिताको पालना र उत्प्रेरणा | २५ | १८ | ५ | २ | ० | |
| जम्मा अभिमत (पुनरावृत्ति): | | १६५ | १२६ | ३० | ८ | १ | |
| प्रतिशत: | | १००% | ७७% | १८% | ४% | १% | |

# ४. राप्ती गाउँपालिका वडा न. ४ ले आ.व. २०८०/०८१ मा संचालन गरेका विकास कृयाकलाप एवंम् गतिबिधिहरुको स्थलगत अवलोकनका क्रममा पहिचान भएका योजनागत सामाजिक पक्षहरु

## ४.१ पूर्वाधार तर्फ

### ४.१.१ खिनैटा मझनीगढ जोड्ने सडक स्तरोन्नती

सम्पर्क व्यक्तिः श्री पूर्ण गिरी (९८०९७८३७०८)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- यस सडकखण्डको हिलोको कारण गाडी आउन कठिन थियो ।
- यो बाटो होचो भएकोले बर्खायाममा हिलो चिप्सो र हिउँदमा धुलो हुने गरेको थियो ।
- वस्ती विकास हुदै गरेको क्षेत्र भएपनि बर्खा याममा हिलो हुने गरेकोले ग्रावेल अनिवार्य थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- यस खण्डको खण्ड खण्ड गरी ५०० मिटर ग्रावेल गरिएको छ ।
- माटो फिलिङ तथा ग्राभेल गरिएको छ ।
- 
- सडक मापदण्ड चौडा मापदण्ड तय गरिएको छ ।



**ग) सामाजिक उपलब्धी**

- सडक अवरुद्ध हुने क्रम नियन्त्रण भएको छ ।
- पानीको निकास भएको छ ।
- लोकल गाडी आवत जावत गर्न सहज भएको छ ।
- उपभोक्ता समिति मार्फत काम भएकोले सडकको स्वामित्व कायम भएको देखिन्छ ।

**घ) सुझाव**

- केन्द्रिय बजेटको लागि पहल गर्नुपर्ने
- खण्ड खण्ड भन्दा एकैपटक दिगो सडक तयार गर्नुपर्ने
- सडकलाई पक्की नालीसहित निर्माण गर्नुपर्ने ।

### ४.१.२ जनकपुर गल्ली सडक /नाली स्तरोन्नती

सम्पर्क व्यक्ति: श्री अनिल चौधरी (९८०९५८२०३४)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- सार्वजनिक सडकमा हिलो र पानीको कारण हिडडुल गर्न कठिनाई थियो ।
- सडक खाल्डाखुल्डी भएकोले सवारीसाधन संचालन कठिन थियो ।
- सडक धुले तथा कच्ची थियो ।



**ख) सम्पन्न भएका कामहरु**

- दुवैतिर करिव २०० मिटर नाली निर्माण गरिएको छ ।
- माटो तथा ग्रावेल थप गरिएको छ ।
- लेवल कायम गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- यस मार्गमा हिलो कम भएको छ ।
- आवासीय क्षेत्र सौन्दर्यीकरणको लागि आधार तयार भएको छ ।
- सडकममा ग्रावेल हालिएकोले बिद्यालय जाने ससाना बालबालिकाहरुलाई सहज भएको छ ।

**घ) सुझाव**

- यस सडक कालोपत्रे गरी सो खण्डको नाली निर्माण अधुरो भएकोले पूर्णता दिनुपर्नेछ ।

### ४.१.३ जेष्ठ नागरिक भेटघाट चौतारी

सम्पर्क व्यक्ति: श्री यमलाल अधिकारी ७५ (९८४४९१९६९०)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- जेष्ठ नागरिकहरुको वडास्तरीय संजाल थिएन ।
- बृद्ध अवस्थामा भेटघाट तथा सिकाई आदानप्रदान गर्ने औपचारिक थलो थिएन ।
- बृद्द मनोरञ्जन तथा मानसिक शान्ति कायम गर्न बृद्धलक्षित गतिविधि कम थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- जेष्ठनागरिकहरुको वडास्तरीय संजाल गठन भएको छ ।
- जेष्ठ नागरिकहरुलाई आत्मिक तथा मनोबैज्ञानिक शान्ति स्थापनाको लागि विभिन्न मौलिक बाद्यबाधनहरु खरिद गरिएको छ ।



**ग) सामाजिक उपलब्धी**

- जेष्ठनागरिकहरुको लागि सरकारी वित्त प्रयोगमा पहुँच स्थापना भएको छ ।
- जेष्ठ नागरिकहरुले आफ्नो अनुभव र ज्ञान साटासाट गर्ने थलो स्थापना भएको छ ।

**्घ) सुझाव**

- सोचले अनुसार उपलब्धीमूलक बनाउन थप प्रयास र लगानी गर्नुपर्ने ।
-

### ४.१.४ जेष्ठ नागरिक सम्मान कार्यक्रम

सम्पर्क व्यक्ति: श्री जुठी नेपाली ७५



**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- बिपन्न जेष्ठ नागरिकहरुलाई जाडो समयमा कठिन थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- विपन्न जेष्ठ नागरिकलाई न्यानो कपडा कम्मल निशुल्क वितरण गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

-
- विपन्न जेष्ठनागरिकहरुको लागि सरकारी वित्त प्रयोगमा पहुँच स्थापना भएको छ ।
- जाडो समयमा छनौट गरिएका बिपन्न जेष्ठ नागरिकहरुलाई चिसोबाट मुक्ति मिलेको छ ।

**्घ) सुझाव**

- सवै असाहयहरुलाई सहयोग स्रोत अनुसार सहयोग उपलब्ध गराउनुपर्ने ।

### ४.१.५ सतही पक्कीकुलो निर्माण (पिपरखुट्टी)
सम्पर्क व्यक्ति: श्री खेमबहादुर खड्का, (९८०९७९३८२६)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- पक्कीकुलो नभएकोले मुसाको प्वाल तथा पानी चुहिने समस्या
- खेतीबालीमा अनावश्यक पानी चुहावटले नकारात्मक असर परेको थियो ।
- समयमा बाली लगाउन समस्या थियो ।



**ख) सम्पन्न भएका कामहरु**

- खण्ड खण्ड गरी २२ मिटर पक्की कुलो निर्माण गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- पानी चुहाउट नियन्त्रण भएको छ ।
- सिजन अनुसार बालीनाली लगाउन सहज भएको छ ।

**घ) सुझाव**

- सिचाईकुलो खण्डीकृत रुपमा नभएर सवैक्षेत्र समेट्ने गरी गर्नुपर्ने ।
- आवश्यक स्रोत तथा लगानीका अवसर पहिचान गरी दिर्घकालीन समाधान खोज्नुपर्ने ।

### ४.१.६ आधारभूत स्वास्थ्य इकाई तारबार तथा गेट निर्माण
सम्पर्क व्यक्ति: श्री चेतन प्रोखेल, स्वा कार्यालय ( ९८४७८९३४४६)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- आधारभूत स्वास्थ्य भवनको कम्पाउण्ड खुल्ला भएकोले पशुले फोहोर गर्ने गरेको थियो ।
- भवन आसपास लागुऔषध दुर्रव्यश्यनीले प्रयोग गर्ने गरेको पाईन्थ्यो ।
- बाहिरबाट आएर फोहोर गरिदिने समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- स्वास्थ्य इकाइको चारैतिर तारजाली निर्माण निर्माण गरिएको छ ।
- भवनको गेट निर्माण निर्माण गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- सार्वजनिक भवनको सुरक्षा भएको छ ।
- पशुले गर्ने फोहोर र अनावश्यक क्षति अतिक्रमण रोकिएको छ ।
- फलफूल विरुवा तथा फूलहरुको सुरक्षा एवं सौन्दर्यीकरण भएको छ ।

**घ) सुझाव**

तारबारको वेश ढलान गरेको भए दिगो एवं थप मजबुत हुनेथियो ।



### ४.१.७ भिम बगैचा स्तरोन्नती

सम्पर्क व्यक्तिः अमृता सेन (९८२२९५०७०९)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- बगैचा व्यबस्थापन गरिएको थिएन ।
- प्राकृतिक पानी रिचार्जको लागि संकलन प्रवन्ध थिएन ।
- फलफूल वेर्ना तथा त्यसमा सिंचाईको प्रवन्ध थिएन ।



**ख) सम्पन्न भएका कामहरु**

- प्राकृतिक रुपमा माटाको पोखरी निर्माण पूर्वाधार तयार गरिएको छ ।
- बगैचाको खाली जमिनमा फलफूल विरुवा रोपिएको छ ।
- बगैको केही भागमा तारजाली मार्फत कम्पाउण्ड तय गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- जलवायु अनुकुलनका लागि प्राकृतिक स्रोत संरक्षणका प्रयास भएको छ ।
- स्थानीय पानीको मुहानमा रिचार्जको प्रवन्ध भएको छ ।


**घ) सुझाव**

- पोखरीका वेस तयार भएपनि पानी जमाउन सकिएको छैन । यसका लागि थप लगानी गर्नुपर्नेछ ।
- तारजाली सवैतिर नभएकोले पूर्ण उपलब्धी हुन सकेन ।
- फलफूल विरुवा सुकेर जाने क्रम धेरै भएकोले तत्कालको लागि बैकल्पिक प्रवन्ध गर्नुपर्ने ।

### ४.१.८ रात्री आधारभूत बिद्यालय (प्रावि)गेट निर्माण

सम्पर्क व्यक्ति: श्री झगा रावत, शिक्षिका (९८४७८४७८०१)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**



- बिद्यालयको कम्पाउण्ड खुल्ला भएकोले पशुले फोहोर गर्ने गरेको थियो ।
- बिद्यालय बन्द भएको बेला बाहिरबाट आएर शौचालय फोहोर गरिदिने समस्या थियो ।
- बिद्यालय समय भन्दा अतिरिक्त समयमा पर्खाल नागेर आउने र धुम्रपान तथा मध्यपान गर्ने अगडा भएको थियो ।
- बिद्यालय हाता भित्रको धारा तथा टुटीहरु तोडफोड एवं चोरीको जोखिम थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- बिद्यालयमा फलामे गेट गेट निर्माण भएको छ ।

**ग) सामाजिक उपलब्धी**

- बिद्यालय हातामा रोपण गरिएको फलफूलको संरक्षण तथा सुरक्षा प्रवन्ध मजबुद भएको छ ।
- बिद्यालय भित्रको धाराटुटी लगायत अन्य भौतिक सम्पत्तीको सुरक्षा भएको छ ।
- बिद्यालयको सौन्दर्यीकरण भएको छ ।
- बिद्यालय हातामा बाहिरका मानिसहरु आएर धुम्रपान तथा मध्यमापन गर्ने क्रम नियन्त्रण भएको छ ।

**घ) सुझाव**

- बिद्यालयको गेटको पोल पक्की गर्नुपर्ने
- गेटमा बिद्यूतको बल्व जडान गर्नुपर्ने ।

### ४.१.९ भर्मि मल उद्योग तथा संचालन

सम्पर्क व्यक्तिः श्री शुशिला महरा, (९८०८२३७९९३)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- रसायनिक मल प्रयोग न्यूनिकरण गर्दै अर्गानिक मल प्रवर्द्धन गर्ने जानकारी कमि थियो ।
- अर्गानिक मलप्रतिको आकर्षण घटदै गएको थियो ।
- महिलाहरु तथा सिप विकासको अवसरबाट बञ्चितलाई आयमूलक तालिमको पर्याप्न अवसर थिएन ।



**ख) सम्पन्न भएका कामहरु**

- मलउद्योगको भवन ट्रस मार्फत निर्माण गरिएको छ ।
- दुईदिने भर्मि कम्पोष्ट मल तयारी बारे तालिम संचालन गरियो ।
- गड्यौले मल उद्योग स्थापनाको उद्यम विकास सम्बन्धी आधारभूत ज्ञान तथा सिप प्रदान

**ग) सामाजिक उपलब्धी**

- भर्मिकमल तयार गर्ने बारे विपन्न तथा सीप सिक्न चाहने समुदायको लागि सिप हासिल गरी उद्यम गर्ने अवसर प्राप्त भएको छ ।
- आय आर्जनको वैकल्पिकबाटोहरु पहिचान भएको छ ।
- जंगलमा खेर गएको कम्पोष्टजन्य पदार्थहरुको प्रयोग भएकोछ ।
- भर्मिक मलको प्रयोगले अर्गानिक कृषि उत्पादनमा सकारात्मक प्रभाव परेको छ ।

**घ) सुझाव**

- उद्योगमा कम्पाउण्ड जालीको व्यबस्था गर्न सके बँदेलले गर्ने क्षति कम हुनेथियो ।
- उद्योगलाई लगानी अनुसार प्राप्त गर्न सदुपयोगको लागि विकल्प पहिचान गर्नुपर्ने ।

## ४.१.१० जनज्योति आवासीय बिद्यालय तारबार

सम्पर्क व्यक्ति: श्री कुलराज जैसी, प्र अ (९८५७८४०९८५)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- बिद्यालयको कम्पाउण्ड खुल्ला भएकोले पशुले फोहोर गर्ने गरेको थियो ।
- बिद्यालय बन्द भएको बेला बाहिरबाट आएर शौचालय फोहोर गरिदिने समस्या थियो ।
- बिद्यालय समय भन्दा अतिरिक्त समयमा पर्खाल नागेर आउने र धुम्रपान तथा मध्यपान गर्ने अगडा भएको थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- बिद्यालयमा कम्पाउण्ड तारबार गरिएकोछ ।

**ग) सामाजिक उपलब्धी**

- बिद्यालयको भौतिक सम्पत्तीको सुरक्षा भएको छ ।
- बिद्यालयको सौन्दर्यीकरण भएको छ ।
- बिद्यालय हातामा बाहिरका मानिसहरु आएर फोहरगर्ने, धुम्रपान तथा मध्यमापन गर्ने क्रम नियन्त्रण भएको छ ।



**घ) सुझाव**

- बिद्यालय कक्षाकोठाको अभाव छ ।
- कक्षाकोठामा बर्खा याममा पानी रसाउने समस्या छ ।
- शौचालय कक्षाकोठा नजिकै भएकोले दुर्गन्ध भएको छ ।

## ५. वडाले दिने सेवाहरु सम्बन्धी सामाजिक परीक्षणको क्रममा पाइएका केही सूचना तथा जानकारीहरुको सारसंक्षेप

### ५.१. सामाजिक सुरक्षा सम्बन्धीः

- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख अद्यावधि अवस्थामा रहेको छ ।
- सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत वितरण गरी सेवालाई भरभर्दो बनाउन प्रयास गरिएको छ ।
- सामाजिक सुरक्षाभत्ता वितरणका लागि स्थानीय बासिन्दा र सरोकारवालाहरुले सचेत र सहयोगी भूमिका निर्वाह गरी वडा कार्यालयको सामाजिक सुरक्षा सम्बन्धी कार्यसम्पादनलाई प्रभावकारी बनाउन सहयोग पु-याएका छन ।
- बृद्धबृद्धाहरुलाई न्यानो कपडा तथा सम्मान कार्यक्रम प्रभावकारी रहेको छ ।

### ५.२. नियमित सेवाप्रवाह (नागरिक सेवा):

- वडा कार्यालयको आफ्नै फराकिलो कार्यालय भवन मार्फत सेवा प्रवाहमा थप सहज भएको र जनसम्पर्क स्थापना एवंम सेवाग्राही मैत्री कार्यालय भवन रहेको पाईयो ।
- लुम्बिनी प्रदेश राजधानीको प्रस्ताव भएपश्चात यस क्षेत्रका जग्गा किनावेचको प्रकृया रोक्का रहेको अवस्थामा पनि सम्बन्धित स्थानीय सरकारको सिफारिसमा बैङ्किक कारोवार प्रयोजनमा लागि प्रकृयागत सहजीकरण गरेको पाइयो ।
- आवश्यकता अनुसार घरजग्गा रजिष्ट्रेशन, नागरिकता, राहदानी, व्यवसाय दर्ता, अनुदान सहयोग प्राप्ती, गरिब तथा विपन्न परिचय-पत्र, स्वास्थ्योपचार सेवा आदिका लागि दिनुपर्ने सिफारिस सेवा समयमै, प्रभावकारी ढङ्गले सहज रुपमा प्रदान गरिएको पाईयो ।
- भूमी सम्बन्धी समस्या समाधानको लागि गठन भएको समितिलाई सहजीकरण तथा बास्तविक भूमिहिनहरुको पहिचानमा प्रमुख भूमिका निर्वाह गरेको पाइयो ।
- नागरिक बडा-पत्र लगायत सार्वजनिक सूचना र जानकारीमूलक सामग्रीहरु यथासम्भव सेवाग्राहीको सुविधालाई केन्द्रीत गरी राखिएको छ ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा निर्धारित समयमा सरल र सहज रुपले प्रदान गरिएको छ । सर्जमिन मुचुल्का गर्नुपर्ने घटनाहरु बाहेकको हकमा तत्काल सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको छ ।

### ५.३. स्थानीय विकास निर्माण

- वडास्तरीय वार्षिक योजना तर्जुमाका सबै चरणहरुमा सहभागीतामूलक प्रक्रिया अबलम्बन गरिएको छ । योजना तर्जुमा कार्य समय सीमा भित्र सम्पन्न गरिदै आएको छ । बस्तीस्तरबाट छनोट र प्राथमिकीकरण गरिएका योजनाहरुको कार्यान्वयनलाई नै पहिलो प्राथमिकतामा राख्ने पद्धति अवलम्बन गरिएको छ ।
- गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम, तथा बजेटको प्रकृति अनुरुप वडास्तरीय योजनाहरुको छनोट तथा प्राथमिकीकरण गर्न वडास्तरमा समेत सहजीकरण गरिदै आएको पाइयो । यस प्रकृयामा निर्वाचित जनप्रतिनिधिहरुको भूमिका प्रंशंसनीय रहेको पाइयो ।
- आ.व. २०८०/०८१ को अवधिमा गाउँ सभाबाट पारित यस वडाका योजनाहरु मध्ये करिब ९७% योजनाहरु जस्ताको तस्तै कार्यान्वयन भएको पाईयो । ठूला र दुरगामी असर पार्ने पूर्ण रुपमा असफल भएका योजनाहरु नभएको पाईयो ।
- वार्षिक गाउँसभाबाट छनोट भएका योजनाहरु उपभोक्ताहरुको सकृय सहभागितामा कार्यान्वयन भएका छन । नियम संगत भुक्तानीको प्रबन्ध गरिएको छ । योजना संचालन र भुक्तानी प्रक्रियाको बारेमा उपभोक्ता समिति

र स्थानीय सेवाग्राहीहरुमा उल्लेख्य प्रकारको गुनासो रहेको पाइएन । तथापी परीक्षण गरिएका पूर्वाधारका योजनाहरुलाई निरन्तरता दिनुपर्ने देखिएको छ ।

- बजेट निकासा तथा बील भुक्तानीका लागि प्रक्रिया पुरागर्न कर्मचारी र जनप्रतिनिधिहरुले सहयोग गरेको स्थानीय उपभोक्ताहरुको प्रतिक्रिया रहेको छ । स्थानीयस्तरमा रहेका केही गुनासोहरु समेत अधिकांश सम्बोधन गरिएका छन ।
- बजेट निकासाका तथा परिचाालनका लागि समयमै प्रबन्ध मिलाईएको छ । बजेट खर्च अघि सोको परिचालनको लागि कार्यविधिमा तोकिएको प्रक्रिया अवलम्बन गरिएको छ ।
- योजनाहरुको पारदर्शीता र जवाफदेहिता अभिवृद्धिका लागि योजनास्तरमा सार्वजनिक परीक्षण अनिवार्य रुपमा गरिदै आएको छ ।

## ५.४. जनसम्बन्ध, समन्वय र साझेदारी:

- जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीहरु बीचको पहुँच र सम्बन्ध निकट रहेको पाईएको छ ।
- वडा कार्यालयले समन्वयकै आधारमा प्रदेश स्तरबाट समेत पूर्वाधार योजनाहरु पर्न सफल भएको देखिन्छ ।
- वडा कार्यालय, गाउँपालिका, जिल्ला र प्रदेशबाट संचालित विकास गतिविधिहरु संयोजनका लागि वडा प्रतिनिधिहरुले समेत समन्वय र साझेदारीका लागि पहल गर्ने गरिएको स्थानीय सेवाग्राहीहरुको प्रतिक्रिया रहेको छ ।
- स्थानीय विकास निर्माण र सार्वजनिक चासोका विषयहरुमा समय समयमा राजनीतिक दल, नागरिक समाज, कर्मचारी, टोलविकास समिति, उद्योग बाणिज्यसंघ, होटल व्यबसायी, यातायात व्यबसायी, बुद्धिजीवि लगायत स्थानीय वासिन्दाहरु बीच समेत सर्वपक्षीय छलफल सहित समन्वय र साझेदारीका सम्भावनाहरु खोज गर्न स्थानीय जनप्रतिनिधिहरुले पहल गरेको पाईयो ।
- औपचारिक रुपमा पेशा-व्यवसायहरु संचालनका लागि स्थानीय उद्यमी-व्यवसायी र व्यापारीहरुलाई पालिकाले प्रोत्साहित गरी त्यस प्रकारको अभ्यास गर्ने उद्यमीहरुलाई सरकारी अनुदान, प्रोत्साहन र पुरस्कार प्राप्तिका लागि सहयोग पु-याउने गरेको पाइयो । यसका लागि वडाको भूमिका महत्वपूर्ण देखिएको छ ।

## ५.५. नागरिक गुनासो तथा सूचना व्यवस्थापन:

- वडा कार्यालयको लागि पर्याप्त पार्किङ्ग सहितको सुविधा सम्पन्न भवन मार्फत सेवा प्रवाह गरेको पाइयो ।
- कार्यालयमा हुनुपर्ने आधारभूत सेवा र सेवाग्राही सम्बन्धी तथ्यांक अद्यावधिक अवस्थामा राखिएको छ । कम्प्यूटर प्रणालीमा आधारित तथ्यांक रहेको हुँदा वडाको कार्यसम्पादन प्रणाली छिटो छरितो प्रकारको रहेको यस सामाजिक परीक्षणको क्रममा पाईएको छ ।
- नागरिकहरुको गुनासो सुनुवाईको लागि छुट्टै इकाई वा डेस्क गठन गरिएको छैन तथापि गुनासो सुनुवाईका लागि जनप्रतिनिधिहरुको उपलब्धता सहज रहेको पाईएको छ ।
- गुनासो तथा पृष्ठपोषणहरु प्राप्त गर्ने, प्राप्त गुनासोहरु बारे छलफल गर्ने र अभिलेखीकरण गर्ने कार्य औपचारिक रुपमा अपनाउन सकिएको छैन । नागरिक वडापत्र, करको दररेट कार्यालयको भित्तामा राखिएको पाईएको छ ।

## ५.६. सार्वजनिक आचरण, आचार संहिताको परिपालना तथा उत्प्रेरणा:

- वडाका जनप्रतिनिधिहरुले आ-आफ्नो सार्वजनिक छविलाई स्वच्छ राख्न प्रयास गरेको र नैतिक रुपले पतन हुने कुनैपनि कामहरुमा संलग्न नभएको सामाजिक परीक्षणको क्रममा स्थानीयको प्रतिक्रिया रहेको छ ।
- विकास निर्माण योजनाहरुको कार्यान्वयनमा आर्थिक फाईदाका लागि जनप्रतिनिधिहरुको प्रत्यक्ष संलग्नता नरहेको पाईएको छ ।

## ६. वडाका केही विद्यमान समस्या तथा सुधारात्मक पक्षहरुः

- लुम्बिनी प्रदेशको राजधानी घोषणा भई बिस्तारित हुदै गएको क्षेत्र भएको कारणले भौतिक पूर्वाधार विकासको आवश्यकता र जनअपेक्षा अत्याधिक मात्रामा बढेको छ । जनअपेक्षा अनुसारको बजेट व्यवस्थापनका लागि प्रदेश तथा संघीय सरकारसँगको समन्वय यथोचित रुपमा हुन नसकेको पाइन्छ ।
- सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा गरिएको लगानी पूर्वाधार विकासको तुलनामा अत्यन्त न्यून देखिएको छ ।
- बजार क्षेत्र, सार्वजनिक स्थल, मन्दिर र नदीक्षेत्रमा फोहरमैला व्यवस्थापनको संकलन कार्य शुरुवात भएपनि वडाका भित्री बस्तीसम्म फोहोरमैला संकलनका लागि ट्रयाक्टरको नियममिता सम्बन्धमा नागरिकको गुनासो रहेको पाइयो ।
- उद्यमशीलता र आर्थिक वृद्धिदर हासिल गर्ने प्रकारका पेशा-व्यवसायहरुको प्रबर्द्धन मार्फत स्थानीय सरकारको राजश्व/कर बृद्धि गर्ने पहल हुन सकेको छैन । निजी क्षेत्र र संघ-संस्थाहरुसँगको समन्वयको अभावमा यस प्रकारका उपलब्धिहरु नगण्य मात्रामा मात्र प्राप्त भएको पाईन्छ ।
- टोलविकास संस्थालाई संस्थागत क्षमता विकास पर्याप्त भएको पाईएन, त्यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ७. सामाजिक परीक्षणको निश्कर्ष तथा सुझावः

- समष्टिगत विकास प्रयासका हिसाबले ९७ प्रतिशत भन्दा धेरै योजनाहरु सम्पन्न भएका छन ।  पूर्वाधार विकास, सडक निर्माण तथा मर्मत, स्वास्थ्य क्षेत्र, लक्षितवर्गका प्रबर्द्धनात्मक कार्यक्रम, रोजगारमूलक सीप विकास, दीर्घकालिन वातावरणीय संरक्षण तथा सौन्दर्यीकरण र शिक्षा सम्बन्धी कार्यक्रमहरुको उपलब्धी उच्च देखिए पनि आर्थिक समृद्धिका दृष्टिले मेरुदण्डको रुपमा रहेको कृषि, सिंचाई र पशुपालन क्षेत्रमा योजना मुताविक कम प्रगति देखिएकोले आगामी दिनमा उल्लिखित क्षेत्रको समेत उच्च कार्यसम्पादनका लागि प्राथमिकता दिन आवश्यक ठानिएको छ ।
- योजनाहरुको कार्यान्वयन चरणमा विज्ञ जनशक्ति, संचार जगतका प्रतिनिधिहरु सहित जनप्रतिनिधिहरुबाट गरिनुपर्ने सुपरीवेक्षण तथा अनुगमन कार्यमा केन्द्रित हुन आवश्यक देखिएको छ, साथै सम्पन्न भएका कार्यक्रमहरुको उपलब्धी सहितको रिपोर्ट तयार गरी प्रचारप्रसार गर्नुपर्ने आवश्यक ठानिएको छ ।
- वडा कार्यालयले विभिन्न शीर्षकमा अनुदान वा सहुलियत रुपमा वितरण गरिने बिऊ बिजन, सामाग्री तथा तालिम सहभागि छनौट गर्दा टोलविकास संस्थाका प्रतिनिधि समेतको सहयोगमा छनौट गर्दा अझ प्रभावकारी हुने सुझाव पेश गरिन्छ ।
- हाल अभ्यासमा रहेको उल्लेखनीय एवम् स्थानीय सेवाग्राहीले प्रशंसा गरेका सेवाहरुको निरन्तरताका लागि नीतिगत रुपमा नै निर्णय गरी कार्यान्वयन गर्न र यस प्रकारका राम्रा अभ्यासहरुले दिएका सकारात्मक सन्देशहरु बारे लिखित दस्तावेजहरु तयार गरी अभिलेखीकरण गर्न समेत सुझाव पेश गरिन्छ ।
- बिद्यालय दिवा खाजा कार्याक्रम अर्न्तगत केही बिद्यालयहरुमा खाजानै तयारी खुवाउने तथा केही बिद्यालयहरुमा नगद उपलब्ध गराउने गरेको पाइयो । दिवा खाजा कार्यक्रम कार्यान्वयनमा एकरुपता गर्नुपर्ने देखिन्छ ।
- भर्मीकम्पोष्ट मल उत्पादन केन्द्रलाई थप व्यबस्थित गरी लगानी अनुसार प्रतिफल प्राप्त गर्ने उपाय पहिचान गर्नुपर्ने देखियो ।
- टोलविकास संस्थालाई संस्थागत क्षमता विकास तथा सक्षम संस्थाको रुपमा विकास गरी पूर्ण परिचालन गर्नुपर्ने देखिन्छ ।


वातावरण
सफा राखौं

